नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.............................................शाखा)

प.सं. : ०६४/०६५
च.नं. : ४१८

सिंहदरवार, काठमाण्डौं
२०७५।३।२५

## प्रेश विज्ञप्ति

सोमवार, २५ आषाढ २०७५; नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) ले नेपालमा महिला, गरिव तथा पिछडिएका समुदायको न्यायमा पंहुच अभिबृद्धि गर्ने उद्देश्यले आज "संस्थागत सुधार मार्फत न्यायमा पहुँच अभिबृद्धि (२०१८–२०२०)" परियोजना शुरुवात गरेको छ । महान्यायाधिवक्ताको कार्यालय र नेपाल वार एशोसिएसनसँग संयुक्त रुपमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय मार्फत कार्यान्वयन गरिने ४.६ मिलियन डलरको यस परियोजना नर्वे सरकार र युएनडिपीको सहयोगमा सञ्चालन गरिनेछ ।

यसै सिलसिलामा यस परियोजनाका विकास साझेदार नर्वे र युएनडिपीले यस मन्त्रालयका सचिवको उपस्थितिमा काठमाडौं स्थित नर्वेजियन राजदुतावासका महामहिम राजदूत श्री लास वियोर्न योहानेसेन र युएनडिपीका राष्ट्रिय निर्देशक श्री रेनो मेअर विच कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौंमा परियोजनाको लागि सम्झौतामा हस्ताक्षर सम्पन्न भयो । सो परियोजनाको लागि नर्वे सरकारले ३.६ मिलियन र युएनडिपीले १ मिलियन डलर योगदान गर्नेछ ।

सन् २०१८ देखी २०२० सम्म कार्यान्वयन गरिने यस परियोजनाले नेपालमा कानूनी सहायताको क्षेत्रमा आवश्यक सुधार गर्न मन्त्रालयलाई सहयोग गरी जनताको न्यायमा पहुँच अभिबृद्धि गर्ने उद्देश्य लिएको छ । मन्त्रालयले हालै अन्तिम रुप दिन लागेको राष्ट्रिय कानूनी सहायता नीतिको प्रभावकारी कार्यान्वयनमा पनि परियोजनाले सहयोग गर्नेछ । सो नीतिले मुलुकभरका गरिव तथा जोखिममा रहेका जनतालाई निःशुल्क कानूनी सहायता सेवा प्रदान गर्ने उद्देश्य राखेको छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री राजीव गौतमले परियोजनाले विषेश गरी महिला, गरिब तथा जोखिममा रहेका वर्गको न्यायमा पँहुच अभिबृद्धि गर्ने उद्देश्य सहित स्थानीय तहका न्यायिक समितिलाई आवश्यक प्राविधिक र क्षमता विकासमा सहयोग प्रदान गर्दै न्याय प्रणालीमा सुधार गर्न सहयोग पुऱ्याउने बताउनु भयो ।

न्याय प्रणालीमा महिला तथा जोखिममा रहेका समुदायको सहभागिता प्रवर्द्धन गर्न परियोजनाले यस्ता समुदायबाट आएका कानूनका विद्यार्थीहरुको लागि छात्रवृत्ति, अभ्यासवृत्ति तथा अन्य व्यवसायिक अवसरहरु समेत प्रदान गर्नेछ । साथै परियोजनाले सम्बन्धित सरोकारवालाहरुलाई आवश्यकता अनुसारको प्रशिक्षण मार्फत समावेशी आर्थिक विकासको लागि प्रभावकारी न्याय सम्पादनमा सहयोग पुऱ्याउन आवश्यक अवसरहरुको सिर्जना गर्नेछ ।

सम्झौतामा हस्ताक्षरको क्रममा आयोजित कार्यक्रममा युएनडिपी नेपालका राष्ट्रिय निर्देशकले सहयोगको सम्झौतामा हस्ताक्षर गर्न पाएकोमा खुशी व्यक्त गर्दै नर्वेजियन सरकारको सहयोग प्रति आभार प्रकट गर्नु भयो । वहाँले यस सहयोगले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको स्वामित्व र नेतृत्वमा विशेषगरी नेपालका गरिव तथा असमर्थ पक्षको न्यायमा पहुँच र कानूनी शासनको सुधारको क्षेत्रमा निरन्तर काम गर्न युएनडिपीलाई अवसर प्रदान गरेको कुरा व्यक्त गर्नु भयो । वहाँले न्यायमा पँहुच कुनैपनि लोकतान्त्रिक प्रणालीको आधारभूत स्तम्भ रहेको र नेपालको संविधान तथा संयुक्त राष्ट्र संघ दुबैको मूल मर्म पनि भएकोले न्यायमा पहुँचबाट कुनै पनि व्यक्ति नछुट्न भन्ने कुराको सुनिश्चित गर्न चाहेको वताउनु भयो ।

महामहिम राजदूत श्री लास वियोर्न योहानेसेनले नेपाल सरकारको अनुरोधमा न्याय क्षेत्रमा हाम्रो सहयोगलाई निरन्तरता दिन प्रतिबद्धता व्यक्त गर्न पाउँदा धेरै खुशी लागेको र यो परियोजनाले नेपालमा संस्थागत सुधार मार्फत न्यायमा पँहुच अभिबृद्धि गर्ने विश्वास व्यक्त गर्दै यस परियोजना कार्यान्वयनको नेतृत्व लिने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रतिबद्धताको प्रसंशा समेत गर्नु भयो ।

सो अवसरमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री शेर बहादुर तामाङज्यूले यो परियोजना नेपाल सरकारको मुख्य प्राथमिकताहरु मध्येको एउटा प्राथमिकता 'न्यायमा पहुँच सुधार' गर्ने संग सम्बन्धित रहेको कुरा व्यक्त गर्दै यस परियोजना मार्फत गरिव तथा असमर्थ वर्गलाई न्यायमा पहुँच सुनिश्चित गर्न विद्यमान कानूनमा आवश्यक सुधार गर्ने र स्थानीय सरकारमा रहेका न्यायिक समितिको क्षमता विकास गर्नेसम्मका विभिन्न लक्षित कार्यक्रमहरु संचालन गर्ने गरी योजना बनाएको कुरा जानकारी गराउनु भएको थियो ।

(रमेश ढकाल)
प्रवक्ता तथा सहसचिव

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४